मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय, रौतहट
## चन्द्रनिगाहपुर

फोन नं. ०५५-५४०३१०

प.सं.:
चलानी नं.:-

३१५

शैलेन्द्र कुमार मिश्र
डिभिजनल वन अधिकृत

२०८०/१२/१९

सूचना ! सूचना !! सूचना !!!

उपरोक्त सम्बन्धमा आ.व. २०८०/०८१ मा प्रदेश सरकारद्वारा यस डिभिजन वन कार्यालय, रौतहटको लागि हस्तान्तरित तपसीलको स्वीकृत वार्षिक कार्यक्रम संचालन गर्नु पर्ने भएकोले जिल्लाका दक्षिणी भेगमा नर्सरी नभएको क्षेत्रमा २५,००० (पच्चिस हजार) गोटा विरुवा भन्दा बढी विरुवा उत्पादन हुने गरी नयाँ नर्सरी स्थापना गर्न चाहने नर्सरी धनीलाई (विगतमा यस्तो सहयोग प्रवाह नभएको) आवश्यक प्रजातिका गुणस्तरीय विरुवा तोकिएको मूल्यमा बिक्री वितरण गर्नुपर्ने गरी सम्झौता बमोजिम नर्सरी बेड निर्माण, सिंचाईको व्यवस्था र वारबेर गर्ने प्रयोजनको लागि प्रति नर्सरी अनुदान स्वरुप रु. ५०,०००।- (पचास हजार मात्र) अनुदान दिन सकिने कार्यक्रमको लागि ईच्छुक व्यक्ति, संघ, संस्थाले आजको मितिले १५ दिन भित्र (मिति २०८१/०१/३) गते भित्र देहायको कागजात संलग्न राखी निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । रितपूर्वक नआएका तथा म्याद नाघी आएका निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत सुचित गरिन्छ ।

तपसील

| सि. नं. | विवरण | ईकाई | परिमाण | बजेट (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १. | निजी नर्सरीहरुबाट विरुवा उत्पादन तथा खरिद | वटा | ५ (पाँच) | प्रति नर्सरी रु. ५०,०००।- | |

**कोटेशन सँग संलग्न राख्नुपर्ने कागजातहरुः**

१. रु.१०को टिकट टाँस गरेको निवेदन ।
२. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।
३. निजी वन नर्सरी दर्ता प्रमाणको प्रतिलिपी ।
४. कर चुक्ता प्रमाण पत्र ।
५. स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र ।